मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## भीमफेदी-दक्षिकाली सडक शुक्रबारबाट बन्द

हेटौंडा, २० पुस/हेटौंडाबाट संघीय राजधानी काठमाडौं जोड्ने छोटो दुरीको सडकखण्ड भीमफेदी-दक्षिणकाली खण्डमा शुक्रबार देखि सवारी आवागमन बन्द गरिएको छ । दक्षिणकाली नगर पालिकाअन्तर्गत पर्ने यो खण्डमा शुक्रबारबाट सडक स्तरोन्नतिको काम सुरु हुने भएकाले आगामी चैत ३० गतेसम्म सडक बन्द रहने बताइएको छ । यो मार्ग हुँदै यात्रा गर्ने यात्रुले वैकल्पिक मार्गको प्रयोग गर्न जिल्ला प्रहरी कार्यालय मकवानपुरले आग्रह गरेको छ ।

हाल काठमाडौंसम्म यात्रा गर्नका लागि कुलेखानी-चित्लाङ हुँदै काठमाडौं पुग्ने बाटो र कान्तिलोकपथ खुला रहेको मकवानपुरका प्रहरीप्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । त्रिभुवन राजपथ, नारायणगढ मुग्लिन, कान्तिराजपथ, चित्लाङ-चन्दागिरी सडकखण्ड हुँदै काठमाडौं जान सकिनेछ ।

### सडक विस्तार रस्साकस्सी

# सर्वोच्चको पूर्णपाठ कुर्दै सडक डिभिजन, घरधनीको पुरानै माग

प्रतिक्षा न्यौपाने

हेटौंडा, २० पुस/सर्वोच्च अदालतले रिट निवेदन खारेज गरेसँगै हेटौंडा बजार क्षेत्रमा पर्ने पूर्वपश्चिम राजमार्ग फराकिलो बनाउने कार्यमा डिभिजन सडक कार्यालयलाई बोटो खुलिसकेको छ ।

बजार क्षेत्रका घर धनीहरुले दायर गरेको रिट निवेदन सर्वोच्चले खारेज गरेपछि सडक विस्तारसम्बन्धी कार्य कसरी अगाडि बढ्छ ? भन्नेमा अधिकांशलाई अन्यौलता छ । कतिपय नगरबासीले सडक भत्काउन सुरु भइहाल्छ की ? भन्ने अन्यौलता राखेको पाइएको छ । तर, सडक डिभिजन कार्यालय हेटौंडाले सर्वोच्च अदालतको पूर्णपाठ नआएसम्म प्रक्रिया अगाडि नबढ्ने जानकारी दिएको छ ।

डिभिजन सडक कार्यालयले हेटौंडा बजारक्षेत्रमा २५ मिटर सडक विस्तार गर्न गएको असार १० गते राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरी काम अघि बढाउने तयारी थालेको थियो । तर, क्षतिपूर्ति र व्यवसायीको समस्याको विषयमा घरधनीले सर्वोच्च अदालतमा रिट निबेदन दर्ता गराएका थिए । करिव तीन सय जना घरधनीले दर्ता गराएको रिट निबेदन मंगलबार सर्वोच्च अदालतले एकसाथ खारेजी गरेको हो । हेटौंडा बजारक्षेत्रको २५ मिटर सडक विस्तारसम्बन्धी सर्वोच्च अदालतमा परेको रिट खारेज भएको हो ।

मंलवार बसेको सर्वोच्च अदालतका न्यायधीश सारङ्गा सुवेदी र न्यायधीश सुनिलकुमार पोखरेलको संयुक्त इजलासले सडक विस्तार सम्बन्धमा दर्ता भएका सम्पूर्ण रिटहरु खारेज गर्ने निर्णय गरेको हो । न्यायधीशद्वय सुवेदी र पोखरेलको संयुक्त इजलासले गत असार ३१ गतेदेखि साउन २४ सम्ममा दर्ता भएका हेटौंडा बजारक्षेत्रअन्तर्गत गर्ने राजमार्गको सडक विस्तारविरुद्धका ३०० बढी रिट निवेदकका ३२ वटा रिट निबेदन खारेज गर्ने निर्णय गरेको हो । यो आदेशको पूर्ण पाठ आउन केही महिना लाग्नसक्ने भएकोले फैसलामा के भनिएको छ यकिन गर्न नसकिने तर, गत असार ३१ देखि साउन २४ सम्मको रिट निबेदन खारेजीले सडक फराकिलो बनाउने बाटो खुलेको अधिवक्ताहरुले बताएका छन् ।

सडक विस्तार गर्न बाटो खुलेपनि तत्काल काम अगाडि बढाउन भने उचित नहुने सडक डिभिजन हेटौंडाका प्रमुख राजेश यादव बताउँछन् । उनले सर्वोच्च अदालतको पूर्णपाठ आइसकेपछि अध्ययन गरेर थप प्रक्रिया अगाडि बढाउने जानकारी दिए । यादवले सडक विस्तारको प्रक्रिया साउनबाटै अगाडि बढाइसकेको भन्दै कार्यालयले पूर्णपाठ आएपछि विस्तारलाई तीव्रता दिने बताए । 'रिट निवेदन खारेज भनिएको छ । सर्वोच्चले पूर्णपाठ ननिकालेसम्म केही गर्दैछौं । पूर्णपाठ आएपछि अध्ययन गरेर अगाडि बढ्छौं ।', यादवले भने ।

सडक क्षेत्रभित्र पर्ने घर धनी र व्यवसायीको साझा मुद्दा उठाएर हिँडिरहेको मकवानपुर उद्योग वाणिज्य संघले भने रिट निवेदन खारेज भएपनि पुरानै माग दोहोऱ्याएको छ । संघका अध्यक्ष कृष्णाकुमार गुप्ताले सर्वोच्चमा पुरानै फैसला कार्यान्वयन गराउन माग गर्दै रिट निवेदन दिएको र रिट निवेदन खारेज भएपनि विगतकै फैसलालाई मानेर सरकारी निकायहरु जानुको विकल्प नभएको बताए । उनले सर्वोच्चको विगतकै फैसलाले मुआब्जा र क्षतिपूर्तिको विषय स्पष्ट पारेको तर, सडक डिभिजनले सर्वोच्च अदालतकै आदेश कार्यान्वयन नगर्ने गरी अगाडि बढेकोले रिट निवेदन दिनु परेको बताए । उनले मुद्दालाई फूल बेञ्चमा लान सक्ने विकल्प बाँकी रहेको बताए ।

पुनराबेदन बार एसोसियसनका पूर्वअध्यक्ष अधिवक्ता मदन दाहालले सर्वोच्चले यसअघिका फैसलामा मुआब्जा नपाएकाहरुको हकमा मुआब्जा उपलब्ध गराउनू भन्ने फैसला पनि गरेको बताए । त्यसैले कसले मुआब्जा पाएका छन् र कसले लिन बाँकी रहेको छ भन्ने कुरा डिभिजन सडकलगायतका निकायसँग तथ्यांक हुनुपर्छ । स्थानीय सरकारको रुपमा हेटौंडा उपमहानगर पालिकाले आवश्यक पहल र समन्वय गरिरहेको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले बताए । हेटौंडा बजारक्षेत्रको मुख्य सडकको २५-२५ मिटर विस्तार गर्न उपमहानगरका जनप्रतिनिधि एकमत छन् । हेटौंडा उपमहानगरपालिकाको १३ औं नगर सभाको दोस्रो बैठकमा पेश भएको सडक विस्तारसम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतले पारित गरेको थियो ।

हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजना आजभन्दा तीन दशक अघिकै हो । तर, यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निक्लियो सडक फराकिलो बन्न सकेको छैन । एसियाली विकास बैंकको लगानीमा विस्तार तथा निर्माण हुने पूर्वपश्चिम राजमार्जको हेटौंडा बजारक्षेत्रका लामो सयमदेखि विवाद रहँदै आएको थियो । एसियाली विकास बैंक हेटौंडा बजार लाई छोडेर पथलैयाबाट कर्रापुल र राप्ती पुल पारिबाट पश्चिम क्षेत्रको सडकमा मात्र ठेक्का गर्ने पक्षमा पुगेकाले बजार संकटमा पर्ने अवस्था आएको बताइन्छ । हेटौंडा बजार विस्तार आवश्यक रहेको छ ।

हेटौंडा बागमती प्रदेशको राजधानी भएपछि बढेको सवारी चाप र जनघनत्वले यहाँको सडक विस्तार अपरिहार्य जस्तै बनेको छ । सडक विस्तार गर्ने बलियो शक्ति कुन निकायसँग छ ? भन्दै नगरबासी नै सोधिरहन्छन् । संघीय सरकारदेखि प्रदेश र स्थानीय तहले बजार क्षेत्रको मुख्य सडक विस्तारमा कुनै विकल्प नभएको बताउँदै आएका छन् । सडक विस्तारमा संघीय सरकार, प्रदेश सरकार र हेटौंडा उपमहानगर पालिका एकढिक्का हुन जरुरी छ । हेटौंडा-१४ महेन्द्र राजमार्गको रातोमाटे-बुद्धचोक, राप्तीपुलसम्मको सडकसीमा सडक केन्द्रबाट २५/२५ मिटर दायाँ-बायाँ कायम भएको कुरा सर्वविदितै छ ।

यसअघि सर्वोच्च अदालतले २५/२५ गज भत्काउन मिल्ने र त्यसभन्दा बढी भत्काउन परे क्षतिपुर्ति दिनुपर्ने भनि उत्प्रेषण आदेश दिएको थियो । अदालतकै आदेशलाई टेकेर सडक कार्यालयले २५/२५ गज सडक भत्काउने तयारी गरेको थियो । २५ गज भन्नाले २२ दशमलब ८६ मिटर फराकिलो हुने डिभिजन कार्यालयले जनाएको छ । सर्वोच्च अदालतको मिति २०७८-०९-१९ को उत्प्रेषण आदेशमासमेत सडकसीमा केन्द्र बिन्दुबाट २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा यसभित्र बनेका स्थायी/अस्थायी घर-टहरा तथा अन्य संरचना भत्काउन यस अगाडि विभिन्न मितिमा सूचना जारी हुँदा पनि काम हुन सकेको थिएन ।



# हेटौंडामा थाहा फोटो प्रदर्शनी

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ मकवानपुरको प्रमुख पर्यटकीयक्षेत्र थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले हेटौंडाको बुद्धचोकमा शुक्रवारदेखि फोटो प्रदर्शनी सुरु भएको छ । शनिबारसम्म हुने फोटो प्रदर्शनीमा थाहानगरका विभिन्न पर्यटकीय गन्तव्यका ६० वटा फोटोहरु राखिएको छ ।

फोटो प्रर्दशनीको उद्घाटन गर्दै हेटौँडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले थाहाको फोटो प्रदर्शनीले मकवानपुरको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । समग्र मकवानपुरलाई अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने बिषयमा जनप्रतिनिधि बीच छलफल भइरहेको उनले बताइन् । भारतीय पर्यटकलाई मकवानपुरमा आकर्षित गर्नसके पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने उनको भनाइ थियो । विभिन्न देश तथा स्थानीय तहसँग भगिनी सम्बन्ध बनाउने काम पनि भइरहेको बताउँदै नगरप्रमुख लामाले मकवानपुरको पर्यटन प्रवर्द्धनमा आफूहरुको ध्यान केन्द्रित रहेको बताइन् ।

थाहानगरका फोटो पत्रकार गणेश विष्ट, रामकुमार कार्की, कृष्ण अधिकारी, रुपेश जेपाल, श्रीकृष्ण श्रेष्ठ, विज्ञान विष्ट, प्रेम बलामी, सुरजकुमार भुजेल र शम्भु अधिकारीले खिचेको फोटोहरु प्रर्दशनीमा राखिएका छ । थाहा नगरको पर्यटकीय क्षेत्र, प्राकृतिक, धार्मिकस्थल, सभ्यता, सँस्कृति र जीवनशैली समेटिएका फोटो प्रर्दशनीमा राखिएको छ । काठमाडौंबाट नजिक रहेको थाहामा पर्यटनको प्रचुर संभावना रहेको उत्तरी मकवानपुरको सम्पदा, सभ्यता र जीवनशैलीलाई समेटेर फोटो प्रदर्शन गरिएको फरक सोचका संयोजक यादवजंग रायमाझीले बताए ।

थाहा नगरसँगै इन्द्रसरोवर गाउँपालिका आसपासका क्षेत्र आन्तरिक एवम् वाह्रय पर्यटकको रोजाईमा परिरहेको सन्दर्भमा आयोजना गरिएको फोटो प्रदर्शनीले यहाँको पर्यटन क्षेत्रको विकासमा थप मद्दत पुग्ने आयोजकको भनाई छ । थाहा नगरपालिकाको आयोजना एवम् हेटौंडा उपमहानगरपालिका, नेपाल पत्रकार महासंघ मकवानपुर शाखा र फोटो पत्रकार संघ मकवानपुरको सहयोगमा तथा फरक सोच र शिखर क्लबको व्यवस्थापनमा प्रदर्शनी भइरहेको हो ।

कार्यक्रममा थाहा-३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीले थाहानगरलाई पर्यटन क्षेत्रबाट विश्वसामु चिनाउनको लागि फोटो प्रर्दशनी पनि एउटा माध्यम रहेको उल्लेख गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका पूर्वअध्यक्ष प्रताप विष्ट, महासचिव कृष्ण सारुमगर, मकवानपुर शाखा अअध्यक्ष मणिराज गौतम, राष्ट्रिय फोटो पत्रकार समूह मकवानपुरका अध्यक्ष धर्मेन्द्र दाहाल लगायतको आतिथ्यता रहेको थियो ।




# नगरसभाबाट एन संशोधन गर्दै उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको शुक्रबार बसेको बैठकको निर्णय सार्वजनिक गरिएको छ । नगरको विकास निर्माणमा भएगरेका निर्णय सार्वजनिक नभएको भन्दै बिरोध भएपनि उपमहानगरले बैठकको निर्णय सार्वजनिक गर्न थालेको हो ।

उपमहानगरको आधिकारिक वेवसाइटमा पुस २० गते शुक्रबार कार्यपालिका बैठकले गरेको निर्णय सार्वजनिक गरेको हो । अघिल्लो बैठकले गरेको निर्णय कार्यान्वयनको समीक्षा गर्ने, वार्षिक नीति, कार्यक्रम तथा बजेटको संशोधित अनुमानको प्रस्तावमाथि छलफल गरी स्वीकृतिका लागि १४ औं नगरसभामा प्रस्तुत गर्ने निर्णय भएको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले जानकारी दिए ।



हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

३७ औं कार्यपालिका बैठकका निर्णयहरु:

१.) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।
२.) आ.व. २०८०/०८१ को वार्षित नीति, योजना, कार्यक्रम तथा बजेटको संशोधित अनुमानको प्रस्ताव माथि छलफल गरी स्वीकृतीका लागि १४ औं नगर सभामा पेश गर्ने ।
३.) देहाय बमोजिमका ऐन निर्माण तथा संशोधनको लागि नगर सभामा पेश गर्ने:
(क) हेटौंडा उपमहानगरपालिका वन ऐन, २०८०,
(ख) हेटौंडा उपमहानगरपालिका संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८०,
(ग) हेटौंडा उपमहानगरपालिका आर्थिक ऐन, २०८० को पहिलो संशोधन ऐन, २०८०,
(घ) हेटौंडा उपमहानगरपालिका बिनियोजन ऐन, २०८० को पहिलो संशोधन ऐन, २०८०,
(ङ) हेटौंडा उपमहानगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को पहिलो संशोधन ऐन, २०८० ।

नगरको वन ऐन २०८०, संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन २०८०, आर्थिक ऐन २०८० को पहिलो संशोधन ऐन २०८०, बिनियोजन ऐनको पहिलो संशोधन २०८०, बिपद जोखिम ब्यवस्थापन तथा न्यूनीकरण गर्न बनेको ऐन २०७५ को पहिलो संशोधन एने २०८० लाई नगरसभामा पेश गर्ने निर्णय भएको प्रवक्ता न्यौपानेले बताए । बैठकले लेखा समितिको प्रतिबेदन छलफल गरी नगरसभामा प्रस्तुत गर्ने निर्णय पनि गरेको छ । त्यस्तै युसीएलजीको सदस्यता लिन प्रक्रिया अगाडि बढाउने निर्णय पनि गरेको छ ।

# बागमतीमा मानव र वन्यजन्तुको द्वन्द्वले एकवर्षमा ११ जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ तीन वटा राष्ट्रिय निकुञ्ज रहेको बागमती प्रदेशमा वन्यजन्तु र मानवबीचको द्वन्द्वले जोखिम बढाउँदै लगेको छ । वन्यजन्तु र मानवबीचको द्वन्द्वले मानिसको मृत्यु हुनुका साथै मानवबस्ती विस्थापन भइरहेको छ ।

मकवानपुरकै हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिका वन्यजन्तु र मानव बीचको द्वन्द्वले प्रताडित छ । राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र व्यवस्थापनका कारण वन्यजन्तु र मानिसबीचको द्वन्द्वबाट भौतिक तथा आर्थिक हानि नोक्सानीको दर उच्च रहेको हो । वन्यजन्तुका कारण कृषि क्षेत्रमा परेको असरले खाद्य सुरक्षाको विषयमा चुनौती थपिएको छ । विशेषगरी बागमती प्रदेशको चितवन, मकवानपुर, धादिङ, नुवाकोट, रामेछाप, सिन्धुपाल्चोक र सिन्धुलीमा वन्यजन्तु र मानिसहरुको द्वन्द्वका कारण क्षति बेहोर्नुपर्ने बाध्यता छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हटौंडाको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७९/८० को अवधिमा भएका २४ घटनामा करोडौं रकम बराबरको आर्थिक तथा भौतिक क्षति भएको छ । काठमाडौं उपत्यकाका तीन जिल्लाबाहेक प्रदेशका १० जिल्लामा गत आर्थिक वर्षमा वन्यजन्तु र मानिसबीचको द्वन्द्वका कारण ११ जनाको मृत्यु भएको थियो । ३९ जना घाइते भएको प्रहरी तथ्यांकमा छ । वन्यजन्तुको आक्रमणबाट विगत १८ महिनामा १६ जनाको मृत्यु भएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को ६ महिनामा वन्यजन्तुको आक्रमणका कारण १० जिल्लामा ५ जनाको मृत्यु भइसकेको छ । हालसम्म ८ जना घाइते भएको प्रदेश प्रहरीले जनाएको छ । विगत ६ महिनाको अवधिमा भएका १२ वटा घटनामा मकवानपुर र चितवनका नागरिकहरु बढी प्रभावित बनेका छन् भने जंगली जनावरको आक्रमणबाट २ लाखभन्दा बढीको भौतिक क्षति भएको प्रहरीको तथ्याङ्क छ ।

मकवानपुर-२ बाट निर्वाचित संघीय सांसद एवम् नेकपा एमालेका सचेतक महेश बर्तौलाले निकुञ्ज ऐन संशोधनको तयारी भइरहेको बताए । केहीदिन अघिमात्र मनहरी-६ का स्थानीयसँग छलफल गर्दै उनले मध्यवर्तीसम्बन्धी अहिलेको कानुनले विकास निर्माणमा पनि समस्या भइरहेकाले त्यसलाई संशोधनका लागि आफ्ना तर्फबाट प्रस्ताव दर्ता गराएको बताए । सरकारले संशोधनका लागि ल्याएको राष्ट्रिय निकुञ्ज ऐन २०२९ मा आवश्यक परिवर्तन गर्न अन्य पार्टीका सांसदहरुसँग सहकार्य गर्नेगरी अघि बढेको बर्तौलाको भनाइ छ ।

**फेन्सी पसल बिक्रीमा**

हेटौंडा-४, स्कूल रोडको आर.बी. कम्प्लेक्सको अगाडिको सटरमा चालु अवस्थामा रहेको एस.पी. कलेक्सन नाम रहेको फेन्सी पसल अर्जेन्ट बिक्री गर्नु पर्ने भएकोले सुपथ मूल्यमा बिक्रीमा छ । खरिद गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. : ९८४५७१७०६०

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:
- अललाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google

विज्ञान/प्रविधि

# ब्ल्याक होलको अध्ययनका लागि भारतले पठायो स्याटेलाइट



सन् २०२४ को पहिलो दिनमै भारतीय अन्तरिक्ष अनुसन्धान संस्था इसरोले इतिहास रचेको छ । भारतले सोमबार जनवरी १ मा विश्वकै दोस्रो यस्तो स्याटेलाइट प्रक्षेपण गरेको छ जसले ब्ल्याक होल, पल्सर, आकाशगंगा तथा विकिरण आदिको अध्ययन गर्नेछ । यसअघि विश्वमा पहिलोपटक अमेरिकी अन्तरिक्ष संस्था नासाले सन् २०२१ मा यस्तै स्याटेलाइट प्रक्षेपण गरेको थियो ।

हाल भारतले प्रक्षेपण गरेको स्याटेलाइटको नाम एक्सरे पोलारिमिटर स्याटेलाइट (एक्सपोस्याट) रहेको छ । यससँग भारतले अन्य विभिन्न १० वटा पे लोड (उपकरण) समेत अन्तरीक्षमा पठाएको छ ।

एक्सपोस्याटको आयु ५ वर्षको हुने बताइएको छ । भारतीय समय अनुसार सोमबार बिहान ९ बजेर १० मिनेटमा गरिएको उक्त स्याटेलाइटको प्रक्षेपण पिएसएलभी रकेट श्रृंखलाको ६०औं प्रक्षेपण हो । रोचक त के भने स्याटेलाइट प्रक्षेपणको अघिल्लो दिन वैज्ञानिकहरुले तिरुपति मन्दिरमा बैंकटेश्वरको पूजाआजा गरेका थिए ।

**६५० किलोमिटरको उचाइमा तैनाथ**

यो स्याटेलाइटले अन्तरिक्षमा हुने विकिरणको अध्ययन गर्नेछ । साथै यसले विकिरणका स्रोतहरुको पनि तस्वीर खिच्नेछ । रमन रिसर्च इन्स्टिच्यूटले स्याटेलाइटमा जडित टेलिस्कोप निर्माण गरेको हो ।

यो स्याटेलाइटले ब्रम्हाण्डमा सबैभन्दा धेरै चम्किने ५० वटा स्रोतहरुको अध्ययन गर्नेछ, जसमा पल्सर, ब्ल्याक होल एक्सरे बाइनरी, एक्टिभ ग्यालेक्टिक न्यूक्लियाई, नन थर्मल सुपरनोभालगायतका रहेका छन् । यो स्याटेलाइट साढे ६सय किलोमिटरको उचाइमा तैनाथ हुनेछ ।

इसरोले ७ वर्षअघि सन् २०१७ मा यो मिसनको सुरुवात गरेको थियो जसमा करिब साढे ९ करोड डलर खर्च भएको छ ।

श्रीहरिकोटाबाट प्रक्षेपण भएको करीब २२ मिनेटपछि नै एक्सपोस्याट स्याटेलाइट आृनो कक्षमा स्थापित भैसकेको थियो ।

यो स्याटेलाईटमा दुईवटा पेलोड रहेका छन् । जसमा पहिलो पोलिक्स र दोस्रो एक्सपेक्ट छन् । एक्सपोस्याटको लागत २५ करोड भारु रहेको बताइएको छ ।

इसरोका अनुसार यो अन्तरिक्ष मिसनले ब्ल्याक होलका बारेमा हालसम्म रहेको ज्ञानलाई बढाउनमा सहयोग गर्नेछ ।

ब्लाक होल अर्थात् कालो छिद्र भनेको अन्तरीक्षको यस्तो क्षेत्र हो जहाँ पदार्थहरु आफैमा विलिन हुन्छन् । ब्ल्याक होलको गुरुत्वाकर्षण बल यति ससक्त हुन्छ कि प्रकाश समेत त्यसबाट भाग्न सक्दैन ।

कतिपय ठूला ताराहरु विस्फोट भएर अन्त्य हुने क्रममा ब्ल्याक होलको निर्माण हुन्छ । कतिपय ब्ल्याक होलहरु इति विशाल हुन्छन् कि यिनको आकार सूर्यको भन्दा अबौं गुणा ठूलो हुन्छ ।

यौनस्वास्थ्य

# किन देखिन्छ यौन सपना ? थाहा पाउनुहोस्



निदाइरहेको बेलामा एकपछि अर्को विचार, भावना र संवेदना अचेतनरूपमै मस्तिष्कमा आउनु सपना देख्नु हो । मानव इतिहासमा धेरै प्रयास भए पनि व्यक्तिले किन कुनै किसिमको सपना देख्छ र त्यसको अर्थ के हुन्छ, राम्ररी बुझ्न सकिएको छैन ।

सपना विभिन्न किसिमका (डरलाग्दो, साहसिक, रमाइलो तथा यौनसम्बन्धी) हुन्छन्। सामान्यतया प्रजनन प्रणालीले राम्ररी कार्य गर्न थालेपछि सेक्स हर्मोनले एकातिर यौनव्यग्रता तथा यौनतनाव बढाउँछ भने अर्कोतिर यस अवस्थामा वीर्यको पनि उत्पादन हुन थाल्छ।

अनि वीर्यले स्वाभाविकरूपमा बाहिर निस्कने बाटो खोज्छ । यौनचाहना प्रबल हुन थालेपछि एक किसिमको यौनतनाव बढ्न थाल्छ । यसलाई शान्त पार्नु पनि स्वाभाविक कुरा नै हो । हस्तमैथुन वा यौनसम्पर्कबाट यस्तो अवसर मिल्न नसकेको स्थितिमा व्यक्तिले यौन-सपना देख्छ। अनि पुरुषको हकमा सपनामै वीर्यस्खलन हुने र यौन चरमसुख प्राप्तिको स्थितिसम्म पुग्ने हुन्छ । महिलाले त्यस्तो सपना देखेको खण्डमा पनि योनिश्राव हुने र चरमसुख प्राप्त गर्ने हुन्छ।

यौन तनावलाई शान्त पार्न गरिएको प्रयास वा क्रियाकलाप पर्याप्त नहुन पनि सक्छ । यौन तनाव शान्त पार्ने अर्को उपाय नभएको वा नगरिएको स्थितिमा त्यसलाई कम गर्न प्रकृतिले नै दिएको यो यौन-सपना एक स्वाभाविक कुरा हो। अर्कोतिर यौनसम्पर्क वा हस्तमैथुन सामान्यरूपमा राखिँदा यो केही कम भए पनि निर्मूल नै नहुन सक्छ । केहीमा पर्याप्त र नियमितरूपमा हस्तमैथुन वा यौनसम्पर्क गरिएकै अवस्थामा पनि यौन-सपना निरन्तर देखिने गरेको पाइन्छ ।

अनुसन्धानहरूले यौन-सपनालाई 'टेस्टेस्टेरोन' नामक हर्मोनको शरीरमा हुने मात्रासँग यौन-सपना देख्ने वा नदेख्ने कुरालाई जोडेका छन् । यौन-सपना देख्ने व्यक्तिमा 'टेस्टेस्टेरोन' को मात्रा बढी हुने देखिएको छ । यौनको दृष्टिकोणले स्वस्थ व्यक्तिमा यो हर्मोन हुन्छ नै तर पनि कुनै व्यक्तिले यौन-सपना नै नदेख्न पनि सक्छ । यौन-सपना देखेर निद्रामै यौन चरमसुख पाउनु अनि यौन-सपना नै नदेख्नु दुवै प्राकृतिक कुरा हो।

साहित्य

कथा

# द्रौपदी

✍ सन्तोष लुइटेल किंसुका

महाभारत युद्ध सुरु भएको पनि आज सोह्र दिन भएको थियो । भीष्मपितामह, द्रोणाचार्य, अभिमन्युजस्ता वीरहरूले वीरगति प्राप्त गर्नुका साथै कुरुक्षेत्र रगतका आहालमा डुबेर शोकाकुल भइरहेको थियो । युद्धमा को कतिखेर मारिने हो भन्ने कुराको कुनै टुङ्गो थिएन । सूर्योदय भएसँगै सोह्रौं दिनको युद्धका लागि सारा सिपाही र योद्धाहरू युद्धमैदानतर्फ प्रस्थान गरिसकेका थिए । सबै जना शिविरबाट हिँडिसकेपछि निराशा र पश्चातापले भरिपूर्ण भारी मन लिएर पाञ्चाली द्रौपदी शिविरको एक कुनामा टोलाउँदै बसिरहेकी थिइन ।

युद्ध सुरु हुनुअघि त हस्तिनापुर दरबारमा आफूमाथि भएको त्यो अत्याचार अनि वनवास र गुप्तवासका समयमा भोग्नुपरेका सारा दु:खले गर्दा आजै युद्ध सुरु भएर दुशासन र दुर्योधनको मृत्युको खबर सुन्ने उत्सुकताले उनको मनलाई आकाशमा उडाइरहेको थियो । अझ भनौं आफूमाथि भएका अत्याचारको प्रतिशोधले उनको मनलाई वर्षा ऋतुमा पर्वतलाई बाक्लो कुहिराले ढाकेसरि ढाकेको थियो । उनका मनमा बलेको प्रतिशोधको अग्निले एक महायद्ध रूपी ज्वालामुखीको प्रतीक्षा गरिरहन्थ्यो । उनका मनमा युद्ध र कौरवहरूको मृत्युको कामनाबाहेक अरू केही पनि आउँदैनथ्यो र आफ्ना पतिहरूलाई विभिन्न तरिकाले यसका निम्ति उक्साइरहन्थिन् , उक्साइरहन्थिन् । तर युद्ध सुरु भएर सेना र बहादुर ठानिएका योद्धाहरूकै मृत्युका खबर सुनिन थाले त्यसपछि भने उनका मनमा भएको प्रतिशोधको भावना र अभिमान पीडामा बदलिन थालेका थिए । उनको नारी फदयलाई विभिन्न व्यक्तिहरूका मृत्युका खबरले क्षतविक्षत बनाउन थाल्यो । यसैले पनि उनी भित्रभित्रै जलेर सूर्योदय र सूर्यास्तबाहेकको कुनै समय कसरी बित्यो भन्ने सम्म पनि पत्तो पाइरहेकी थिइनन् । उनको फदय पश्चातापको अग्निमा यसरी जलेको थियो कि उनको लाग्ने भए त्यो युद्ध अहिले नै रोकिदिन मन हुन्थ्यो तापनि उनको यसमा लाग्ने केही थिएन । सारा हस्तीहरू अभिमानले चुर्लुम्म भएका थिए । मर्ने वा मार्ने प्रण लिएर युद्धमा होमिइसकेका योद्धाहरूले आजको दिनमा उनको कुरा सुन्ने कुरै थिएन ।

सधैं झैं आज पनि सबै जना युद्धमा मार्ने वा मर्ने उत्साह बोकेर शिविरबाट बाहिरी सकेपछि द्रौपदी निराश मुद्रामा शिविरको एउटा कुनामा बसेर घुँडामा मुन्टो अड्याएर एकोहोरिरहेकी थिइन् । समय कसरी कुद्यो र कति समय बितिसक्यो भन्ने कुराको उनलाई कुनै पत्तो नै थिएन । यत्तिकैमा बाहिरबाट आएको 'पाञ्चाली '. पाञ्चाली' भन्दै आफूलाई कसैले टाढैबाट बोलाएको चर्को आवाजले उनलाई नराम्ररी झस्कायो । उनलाई गहिरो निद्रामा ऐठन भएर आत्तिँदै बिउँझिए झैं भयो । उनको पूरै शरीर थरर्र काम्यो । उनले त्यो आवाज राम्ररी चिनिसकेकी थिइन् । त्यसैले पनि कुनै अप्रिय खबरको आशङ्काले उनलाई नराम्ररी चिमोटी सकेको थियो ।

उनी हत्तारमा आफू बसिरहेको ठाउँबाट जुरुक्क उठिन् । उनको भित्री फदयलाई कुनै दुष्कल्पनाले छपक्क ढाक्यो । उनलाई एकाएक पसिना आए । उनलाई उभिएर अडिन नै गाह्रो भएझैं भएकाले एकैछिन शरीरलाई स्थिर गराइन् र ढोकातिर अगाडि बढिन् । उनी शिविरको ढोकामा पुग्न नपाउँदै आवाजसगैं रगत लतपतिएको मुखमुद्रा लिएर भीमसेन उनकै अगाडि उपस्थित भए । भीमसेनलाई त्यो अवस्थामा देख्नासाथ द्रौपदीले केही होसै पाइनन्, उनी बेहोस भएर भुइँमा ढलिन् । होसमा आउँदा भीमसेन पानी छम्कँदै पङ्ख हम्किरहेका थिए ।

भीमसेनको रक्तरञ्जित अनुहार तथा हात देखेर द्रौपदीलाई पुन: चक्कर आयो । उनले आँखा चिम्लिन् । भीमसेनले द्रौपदीलाई आफ्ना काखको सिरानी बनाएर सुताई एक हातले सुस्तरी सुम्सुम्याउँदै भने, "हेर द्रौपदी मैले तिम्रो केसका लागि दुशासनको रगत ल्याएको छु । यो लिअ र आफ्नो प्रतिज्ञा पूरा गर । मैले दुशासनको छाती चिरेर रगत ल्याएको छु '।" भीमसेन अझ केही भनिरहेका थिए तर द्रौपदीले उनका कुरा सुन्न सकिनन् । उनको बोली आइरहेको थिएन । बलैसँग आफ्नो हात उठाएर भीमसेनको मुख थुनिन र नबोल्न इसारा गरिन् । त्यहाँ एकैछिनका लागि पूरा सन्नाटा छायो ।

भीमसेनका काखमा सुतिरहेकी द्रौपदी ठुलो आपत्ति आइपरेको अवस्थामा झैं जुरुक्क उठिन् र भीमसेनका अनुहारमा एकटकले हेर्दै डाको छोडेर रुन थालिन् । उनी भीमसेनलाई भनिरहेकी थिइन्, "यो राज्य र शासनका चक्करमा अनाहकमा निर्दोष मानिसहरू कति मरिसके । भो अब यो युद्ध रोक्नुहोस्, केही पनि चाहिएन । अहिलेसम्म जेजति पनि कुरा भए ती सबै बिनासित्तिको शासकको इच्छापूर्तिका खातिर गरिएका दुष्कर्म र उनीहरूको मनोमानीका कारण भएका हुन् । यो युद्धमा को को मारिए ? एकचोटि सोच्नुहोस् त ! आफूलाई एकसेएक योद्धा भन्नेहरू आजसम्म कति मरिसके ? अनि हिजोसम्म मेरो राज्य भन्दै गर्व गर्नेहरूले मरेर जाँदा तिनीहरूका राज्य पनि साथै लिएर गए ? देख्नुभयो ? तपाईँले नै मारेको दुशासनलाई मर्नेबेलामा दुर्योधनले छेक्यो ? कि उसले दुर्योधनलाई कुकृत्यमा साथ दिएकामा कुनै पारितोषिक लिएर गयो ? यस युद्धलाई तपाईंहरू जेसुकै नाम दिनुहोस् तर पनि यो युद्ध नितान्त कौरव र पाण्डवको राज्यप्राप्तिको लहड र अभिमानले जन्माएको स्वार्थको लडाइँ हो । यही प्रपञ्चमा म पनि बलिको बोको बन्दै भरिभराउ राजसभामा घिसारिनुपर्यो, नाङ्गिनुपर्यो । कौरव र पाण्डवका निम्ति, उनीहरूको अभिमानका लडाइँमा युद्धमैदानमा आएर मारिएका ती सैनिकहरूका विधवा नारी र अनाथ बालबच्चाहरूको आँसुको मूल्य कसले चुकाउने ? केका लागि ती नारीहरू विधवा बनाइए, ती बालबालिकाहरू टुहुरा बनाइए ? कि जनतालाई अनाथ, विधवा र टुहुरा बनाउनु नै शासकहरूको धर्म हुन्छ '?" निरन्तर बोलिरहेकी द्रौपदी असिनपसिन भएकी थिइन् । उनका आँखाबाट भेलसरि आँसुका धारा बगिरहेका थिए ।

भीमसेनले केही नबोली द्रौपदीका कुरा चुपचाप सुनिरहे । सोचे, दौपदी एक नारी हो, यो एउटा नारी फदय बोलिरहेको छ । कुनै समय विनाकारण अपमानित हुनुपरेको पीडामा पाँच महावीरकी पत्नी हुनुको अभिमानले आगोमा घिउ थपेका कारण आक्रोश बढेको थियो । त्यसैको परिणामस्वरूप दुर्योधनलाई त्यसको परिणाम चखाउने ध्याउन्नमा लागिन् तर अहिले हत्या र काटमारले नारी फदयलाई नराम्ररी हल्लाएको पनि उनले राम्ररी बुझे । एक मन त युद्ध छोडेर अहिले नै सन्यास ग्रहण गरी हिँडौं जस्तो लाग्यो फेरि मृत्युका भयले महावीर ठानिएको भीमसेन युद्धमैदानबाट भाग्यो भन्ने आरोप किन खेप्नु भन्ने सोचाइलाई उसको अभिमानले पहाड बनाएर उठायो । केही नबोली भीमसेन शिविरबाट बाहिर निस्के ।

सूर्यास्त भइसकेछ । त्यस दिनको युद्ध समापन भएकाले सबै जना आआफ्ना शिविरमा फर्किरहेका थिए । घाइतेहरूको चित्कार र द्रौपदीका कुराले भीमसेनको युद्धोत्साह क्षीण हुँदै गइरहे तापनि यसलाई उसभित्रको अभिमानले उसै गरी उकासी रहेको थियो । उनले सोचे "के पाञ्चालीले भने झैं हामीले राज्यको लोभमा युद्धपराध त गरेनौ ? शासकहरूको नचाहिँदो महत्त्वाकाङ्क्षाले निर्दोष मानिस मारिनु कत्तिको उपयुक्त होला ?" तर कसैले उक्साएकै भरमा मर्न उद्धत हुँदै युद्धमैदानमा आउने त उनीहरू नै हुन् नि ! बल्न खोजिरहेको आगामा घिउ पोख्ने !"

# सपनाकी उनी

✍ भीम बिष्ट

तिमी आउँथ्यौ,
त्यो मन, मुटु, धड्कन
आदि इत्यादि कुराहरु सबै आउँथे ।
मेरो मुटु भित्रबाट डगमगाए जसरी
एक साँझ, एक बिहान हुँदा हुँदै
के अचम्म मान्नु,
यसरी अचानक आउनेहरूको
म मस्किएर नित्य कर्म गर्दा
तिमी तर्पणका लागि
यथार्थ कुराहरु लिई आउन थाल्यौं
म मन्द गतिको ढिपी रेल झैं,
छुक छुक् गर्दै आएका पांग्रा
पहिलो घुम्तिको उकालो सँगै ढुक ढुक गरी
घोटिएर चच.... गर्दै कुदिरहेछु ।

मतलब खास कुरो तिमी होइनौं,
यसरी कटकिएर हिँडेको त
मेरो मन हो,
म मात्तिएर मस्की मस्की हिँडे भने
म भित्रकी साहस सकिएर, सल्किएर ।
तिम्रो विश्वासको डोरीमा बाँधिएर
हलचल मच्चाएको
तिम्रो स्वप्न मन
अलग विश्वासका साथ
कोलाहलका बाबजुद
मुटुको कम्पन
बिहानीको प्रभाती प्रहारमा यसरी
हलचल मच्चाउदै गरेकी सपनाकी सविता
सामप्यता देखाउँदै झल्की रहन्छिन् ।

चित्रकला



दिपशना थापा
कक्षा: १०
जी.एस. निकेतन मा.वि. हेटौंडा

# दम्पतीबीचको झगडा कसरी सुल्झाउने ?

संसारमा कुनै जोडी छैन होला, जसले एकापसमा झगडा चाहन्छन् । तर भनिन्छ नि, सबै कुरा हाम्रो हातमा हुँदैन । श्रीमान-श्रीमतीको सम्बन्धमा पनि ठ्याक्कै यस्तै हो । कहिलेकाहीं नचाहेर पनि परिस्थिति यस्तो हुन्छ कि झगडा भई नै हाल्छ ।

यद्यपि, हरेक विवाहित सम्बन्धमा सानातिना झगडा हुन्छन् र दम्पतीले समाधान गरेर अगाडि बढ्छन् । तर कहिलेकाहीं सानातिना झगडाले पनि ठूलो रुप लिन्छ र कुरा सम्बन्ध विच्छेदसम्म पुग्छ । त्यसो भए झगडालाई ठूलो रुप लिन नदिन के गर्ने त ? जीवनसाथीसँगको विवादलाई के कस्ता बानीले चर्काउन सक्ला ?

**बोल्दाबोल्दै ठूलो स्वर गर्ने**

झगडा दुवैबाट यस्ता कुरा बोल्दा समस्या आउन थाल्छ । जुन दुवैलाई सहन सहज हुँदैन । आफनो पार्टनरसँग कुनै कुरामा रिस उठ्दा उसले ध्यान दिइरहेको छैन । जसकारण धेरैजसो आवेशमा आएर चर्को स्वरमा बोल्नु हुन्छ । आफनो तर्क साबित गर्न कराउन सुरु गरिन्छ । कतिपय बेला अभद्र भाषा पनि रिसमा प्रयोग हुन्छन् ।

यसले सम्बन्धलाई बिगार्ने मात्र होइन, सम्बन्ध विच्छेदसम्मको अवस्थामा समेत पुर्‍याउन सक्छ । यस्तो अवस्थामा सकेसम्म शान्तिपूर्ण ढंगले समस्याको समाधानतर्फ लैजानुपर्छ ।

**एकअर्कालाई दोष लगाउने**

झगडा हुँदैमा सम्बन्ध खत्तम हुँदैन । तर झगडापछि एकअर्कालाई दोष दिनु ठीक होइन । साना-साना कुरालाई उठाउँदै झगडा गर्ने बानी छ भने यसले तपाईंको सम्बन्धमा चिसोपन ल्याउन सक्छ । यस अवधिमा एकअर्काको गल्ती गन्नुको सट्टा समझदारी देखाएर कुरालाई शान्त पार्नु राम्रो हुन्छ ।

**कुरालाई अपूरो छाड्ने**

कसैको बानी कुनै कुरालाई लिएर बहस सुरु गरी नसल्टाई अचानक मौन बस्ने हुन्छ । तर मौन बस्नु समाधान होइन । यसले सल्किरहेको आगोमा घिउ थप्नु सरह हुन जान्छ । यसो गरेमा पार्टनरले टाढा भागिरहेको अनुभव गर्न सक्छन् । यस्तो व्यवहारले समस्या मात्र बढाउँदैन । सम्बन्ध पनि पहिलेको जस्तो हुनेछैन ।

**एकअर्कालाई शत्रु मान्ने**

श्रीमान्-श्रीमतीबीचको अनावश्यक झगडाले उनीहरुको सम्बन्धलाई कमजोर बनाउँछ । तर झगडापछि एकअर्कालाई शत्रु ठानेपछि भने झन् ठूलो समस्या खडा हुन्छ । यस क्रममा उनले आफू एउटै छतमा रहेको कुरा बिर्सन्छन् । यदि हात हालाहाल नै हुने सिर्जना पैदा भई तिनीहरूमध्ये एकलाई पनि चोट पुग्यो भने उनीहरूको दाम्पत्य जीवनमै ठूलो असर गर्छ । त्यसैले एकअर्काविरुद्ध हुँदा कुनै पनि समस्या समाधान हुँदैन, झन् जटिल बन्दै जान्छ । यसो गर्नाले सम्बन्ध अन्धकार हुदै सबै कुरा हातबाट फुस्किन सक्छ ।

**कसरी सुल्झाउने ?**

झगडा एक पटक सुरु भएपछि कसरी रोक्ने ? यो जान्न गाह्रो हुन सक्छ । द्वन्द्व रोक्न असम्भव जस्तो लाग्न सक्छ । झगडा घरको काम वा स-सानो असहमतिदेखि, शंका वा आर्थिक लेनदेन प्रमुख झगडाको दायरामा हुन सक्छ । यस्तोमा कस्तो प्रकारको असहमति छ भनेर पहिचान गर्न महत्त्वपूर्ण छ । किनभने यसले बहस रोक्न उत्तम तरिका निर्धारण गर्न मद्दत गर्नेछ ।

सम्बन्धमा विवाद रोक्ने एउटा तरिका भनेको विवाद चुलिंदै गएपछि केहीबेर दुवैले विश्राम लिन सकिन्छ । यसले प्रत्येक व्यक्तिलाई वार्तालाप जारी राख्नुअघि स्थितिमा चिन्तन गर्न समय दिन्छ । विवाद हुँदा भन्न सकिने केही प्रभावकारी वाक्य पनि छन् । जसले तातेको माहोललाई सेलाउँछ ।

**"मलाई यसको बारेमा सोच्न दिनुहोस्"**

यति भनिसकेपछि केही समय दुवै शान्त रहन्छुन । यस्तोमा पार्टनरले विचारलाई ख्याल गरेको जनाउँछ । समय लिएर सोच्दा समस्याको समाधान पक्कै निस्कन्छ ।

**"तपाई सही हुन सक्नुहुन्छ"**

यो वाक्यले विवादित बनेको विषयमा सकरात्मक सम्झौता गर्न इच्छुकता देखाउँछ । यो संकेत धेरैजसो व्यक्तिको स्थितिलाई नरम बनाउन पर्याप्त छ । र, उनीहरूलाई एक कदम फिर्ता लिन सोच्न बाध्य बनाउँछ ।

**"मैले बुझें"** : यी शक्तिशाली शब्दहरू हुन् । झगडा भावना र अवस्था नबुझ्दा हुने गर्छ । यदि भनेको कुरा राम्रोसँग सुनेर आफूले बुझेको बताँउदा यसले सहानुभूतिको संकेत देखाउँछ । बुझ्नुको अर्थ गलत कुराको पनि सहमत हुनु होइन । बुझ्नु भनेको समस्या समाधान गर्नैपर्छ भन्ने होइन । तर सुनेर गलत भए शान्त भएर सम्झाउन मद्दत गर्छ ।

**"मलाई माफ गर"**: गल्ती स्वीकार गर्दा सानो भइने सोचले धेरै व्यक्ति माफी माग्न हिच्किचाउँछन् । तर कहिलेकाहीं विवादमा माफी माग्दा सहानुभूति व्यक्त हुन्छ । यसले रिसको भावनालाई एकैछिनमा मार्न सक्छ ।

# अस्पतालमा घुस्यो राजनीति, मारिए निहत्था युवा

जनकपुर/अस्पताल सञ्चालनको विवादमा घुसेको राजनीतिले उग्र रुप लिँदा सर्लाहीको बरहथवा-६ मा प्रहरीको गोलीबाट एक निहत्था युवा मारिएका छन् ।

शुक्रबार प्रहरीले चलाएको गोली लागेर बरहथवा नगरपालिका वडा नम्बर ६ का ३० वर्षीय जयशंकर साहको मृत्यु भएको हो । घटनापछि स्थानीय प्रशासनले बरहथवा नगर क्षात्रेमा भोलि शनिबार बिहान ८ बजेसम्म कर्फ्यू लगाएको छ । तर तनाव कम भएको छैन । स्थानीयले मृतकको शव राखेर प्रदर्शन गर्दै आएका छन् ।



**के हो विवाद ?**

संघ सरकारले १८ करोड रुपैयाँ खर्चिएर बरहथवा बजारको तत्कालीन प्राथमिक स्वास्थ्य चौकीको नयाँ भवन बनाएको छ । यो भवनमा १५ शैय्याको अस्पताल बनाउने कि ५० शय्याको बनाएर प्रदेश सरकारलाई चलाउने दिने भन्ने विवाद हो ।

प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेटमा बरहथवामा ५० शय्याको अस्पताल बनाउने घोषणा गरेको छ । बर हथवा नगरपालिकाको नगर कार्यपालिकाले ९ असोज २०८० मा बैठक बसेर प्राथमिक स्वास्थ्य चौकीको भवन ५० शय्याको अस्पताल सञ्चालन गर्न प्रदेशलाई दिने निर्णय पनि गरेको हो ।

तर एकाएक राजनीति सुरु भयो । सर्लाहीबाट निर्वाचित प्रदेशसभा सदस्य वीरेन्द्र सिंह मधेश प्रदेशमा स्वास्थ्य तथा जनसंख्या मन्त्री छन् । प्रदेशले अस्पताल चलाए कांग्रेस लगायतका सत्तारुढ दल हाबी हुने स्थानीय सरकारको नेतृत्व गरेको दल एमाले नेताहरुको बुझाइ बन्यो ।

एमालेबाट निर्वाचित मेयर कल्पनाकुमारी कटवालले निर्णय अनुसार प्रदेश सरकारलाई सहमति पत्र दिइनन् । प्रदेश सरकारले अरु अस्पताल राम्रोसँग सञ्चालन नगरेको भन्दै उनले नगरपालिकाले नै १५ शय्याको अस्पताल सञ्चालन गर्नुपर्ने मत राखिन् । कांग्रेससहित सत्ता गठबन्धनका दलहरुले भने कार्यपालिकाको निर्णय कार्यान्वयन गर्न दबाव बढाए ।

१७ पुसको बैठकमा चर्को विवाद भयो । टेबल कुर्सी तोडफोडसम्म भएको एक कर्मचारीले सुनाए । त्यो बैठकले बहुमतका आधारमा ५० शय्याको अस्पताल सञ्चालन गर्न प्रदेश सरकारलाई दिने अघिल्लो निर्णय तत्कालका लागि स्थगित गर्ने निर्णय गऱ्यो । मेयर कटवाल नेकपा एमालेबाट निर्वाचित भएकी हुन्, उपमेयरसहित कार्यपालिकाका बहुमत सदस्य पनि एमालेबाट निर्वाचित भएका छन् ।

अरुले विरोध गरेका कारण अस्पतालबारे निर्णय गर्न २० पुसमा सर्वदलीय बैठक बस्ने सहमति भयो । ५० शय्याको अस्पताल बनाउने निर्णय कार्यान्वयनका लागि दबाव दिन भन्दै शुक्रबार उद्योग बाणिज्य संघले बजार बन्द आह्वान गऱ्यो । नेपाली कांग्रेस सहितका राजनीतिक दलले समर्थन गरेका कारण विहानैदेखि बजार बन्द थियो ।

नेपाली कांग्रेसबाट निर्वाचित वडा नम्बर १२ का वडाध्यक्ष रामजी राम यादवका अनुसार दलका प्रतिनिधिहरु सर्वदलीय बैठकका नगर पालिका पुग्दा नपुग्दै बैठक स्थगित भयो । नगर प्रमुख कटवालले जारी गरेको बैठक स्थगितको सूचनामा आन्दोलनका बीच सर्वदलीय बैठक गर्नुको औचित्य नभएको उल्लेख छ ।

वडाध्यक्ष यादवका अनुसार बैठक स्थगित गरेपछि पनि मेयरको कार्यकक्षमा छलफल चलिरहेको थियो । 'मेयरज्यूले सार्वदलीय टोली जनकपुर जाऔँ र मन्त्रीसँग कुरा गरौं भन्नु भएको थियो । हामी छलफलमै थियो, बाहिर तनाव बढ्यो ।'

अस्पताल प्रदेश मातहत जानुपर्ने र स्तरोन्नति हुनुपर्ने माग गर्दै नेपाली कांग्रेस सहितका दलले प्रदर्शन गर्न थाले । त्यही क्रममा भीडले नगरपालिकामा ढुंगामुढा गर्न थाल्यो ।

प्रहरीले रोकेपछि प्रदर्शनकारीहरु मेयरको घरतिर लाग्यो । नगरपालिकाबाट करिब १ किलोमिटरको दूरीमा छ । मेयरको घरमा ढुंगामुढा भयो, अगाडि रहेको कारमा पनि आगजनी भयो । प्रदर्शनकारीलाई रोक्ने क्रममा प्रहरी अश्रुग्याससँगै हवाइ फायर गऱ्यो ।

त्यसक्रममा प्रहरीले चलाएको गोली लागेर मेयर कटवालको घरभन्दा करिव ५०० मिटर टाढा एक युवकको मृत्यु भएको छ । वडा नम्बर ६ का वडाध्यक्ष मोहमद अफताव आलमका अनुसार जयशंकर प्रदर्शनमा सहभागी थिएनन् । विद्युत् महसुल तिर्न मोटर साइकल चढेर विद्युत कार्यालय नजिकै पुगेका थिए । त्यही बेला प्रहरीले चलाएको गोली लागेर उनी सडकमै ढले ।

उनको मृत्युपछि प्रदर्शन थप उग्र भयो । प्रदर्शनकारीले नगर पालिको गाडीमा आगजनी गरेका छन् । नगरपालिकाको तीनवटा गाडीमा तोडफोड तथा आगजनी गरेको सर्लाहीका प्रहरी प्रवक्ता डीएसपी दिपेन्द्र सिंह थारु बताउँछन् ।

भीडलाई नियन्त्रणमा लिन प्रहरीले १९ सेल अश्रुग्यास हान्नुका साथै १३ राउण्ड हवाइ फायर गरेको छ ।

डीएसपी सिंहका अनुसार आठजना प्रहरी घाइते भएका छन् । प्रहरी सहायक निरीक्षक भिखारी यादव गम्भीर घाइते भएका छन् । उनलाई उपचारको लागि नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज पठाइएको छ । मृतकको शव भने आन्दोलनकारीकै नियन्त्रणमा छ ।

**ढल्यो परिवारको सहारा**

आन्दोलनमा मारिएका युवक स्थानीय सर्लाही होटलका सञ्चालक तथा कुखुरा दानाको हलसेल बिक्रेता हुन् । बंगलादेशबाट एमबीबीएस अध्ययन गरेका उनलाई बुबा बंगाली राम साहले आफू बिरामी भएपछि व्यवसाय हेर्न भनेर बोलाएका थिए ।

तीनवर्ष अघि बंगाली रामको निधन भएपछि व्यापार व्यवसाय उनले नै सम्हाल्दै आएका थिए । परिवारको साहारा अनाहकमा मारिएपछि परिवार शोकमा डुबेको छ । आन्दोलनकारीले उनको शव आफ्नै नियन्त्रणमा राखेर प्रदर्शन गरेका छन् ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले भने जयशंकरको के कारणले मृत्यु भयो भन्ने पुष्टि नभएको बताउँछन् । 'शव हेर्दा गोली लागेर नै मृत्यु भएको जस्तो देखिन्छ' उनले भने, 'तर शव अहिलेसम्म उनीहरुकै नियन्त्रणमा छ । त्यसैले उनलाई गोली नै लागेको हो भनेर हामीले पुष्टि गर्ने अवस्था छैन ।'

गोली चलाउन आफूले आदेश नदिएको समेत उनले बताए । के कति कारणले गोली चल्यो भनन्ने अनुसन्धान छानबिन हुने उनले बताए ।

*(स्रोत: अनलाइनखबर)*

# 'चिसो मान्छे' भिडियोपसलमा रिलिज, नेपालबाहिर मात्र हेर्न मिल्ने

काठमाडौं/गत वर्ष प्रदर्शनमा आएको अभिनेत्री स्वस्तिमा खड्का अभिनीत फिल्म 'चिसो मान्छे' नेपालको ओटीटी प्लेटफर्म भिडियोपसलमा रिलिज भएको छ । तर, तत्कालका लागि फिल्मलाई नेपालबाहिर मात्र स:शुल्क रुपमा हेर्न मिल्ने व्यवस्था गरिएको छ । विदेशमा बस्ने नेपाली दर्शकहरुलाई मध्यनजर गर्दै फिल्म सार्वजनिक गरिएको भिडियोपसलका सह-संस्थापक नेहा कार्कीले बताएकी छन् ।




वेव ब्राउजरमा लगइन गरेर वा सबैखाले स्मार्ट डिभाइसमा भिडियोपसल एप डाउनलोड गरी २.९९ डलरदेखि ५.९९ डलर सम्मको प्याकेज लिएर फिल्म हेर्न मिल्ने जनाइएको छ । विदेशबाट एप्पल पे, गुगल पे, पेपल, डेबिट-क्रेडिट कार्डमार्फत् पैसा तिर्न सकिने सञ्चालक कार्कीको भनाई छ । भिडियोपसलमा यसअघि 'छक्का पन्जा ४', 'भिन्नेदाउ' लगायतका फिल्म रिलिज भइसकेका छन् ।

दीपेन्द्र के खनालद्वारा निर्देशित 'चिसो मान्छे' समीक्षात्मक रुपमा रुचाइएको थियो । फिल्ममा स्वस्तिमाले सुदूरपश्चिमकी युवावयकी महिलाको भूमिकामा अभिनय गरेकी छन् । कोरोना कहरको समयमा विदेशबाट आएको शव लिएर काठमाडौंदेखि बाजुरासम्मको यात्राको कथामा फिल्म केन्द्रित छ । शर्मिला पाण्डेले निर्माण गरेको फिल्ममा अर्पण थापा र देशभक्त खनालको पनि अभिनय छ ।

# 'चित्रा' हेर्दा नाटक हेरेको जस्तो लाग्दैन: घनश्याम लामिछाने

काठमाडौं/आर्ट शैलीको फिल्म बनाउने निर्देशकको रुपमा चिनिएका छन्, घनश्याम लामिछाने । 'धौली' होस् वा 'पञ्चेबाजा', यी दुवै फिल्ममा नाटकको धङधगी देखिन्थ्यो । नहोस् पनि किन ! उनी रंगमञ्च पृष्ठभूमिका हुन् । दुवै फिल्ममा उनको कथावाचन शैली सुस्त भए पनि निर्देशन पक्ष प्रशंसनीय थियो । अब उनी निर्देशित नयाँ फिल्म 'चित्रा' यही पुष २७ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ ।



यो फिल्मलाई भने 'सिनेम्याटिक' हिसाबले बनाउन खोजेको उनको दाबी छ । उनी भन्छन्, 'मेरो यसअघिका फिल्मलाई समीक्षकले नाटक भनिदिनुभयो । अनि मलाई लाग्यो कि नाटक त म नाटक घरमै गर्छु, सिनेमा घरका लागि फिल्ममा हुनुपर्ने सबै 'एलिमेन्ट्स' राखेर बनाउँछु भन्ने अठोट लिएँ । यसपटक नाटक हेरेको जस्तो नहोस् भनेर मैले 'चित्रा'लाई 'सिनेम्याटिक' बनाउन खोजेको छु ।'

यसअघि आफूले आर्टिस्टिक फिल्म बनाउने प्रयत्न गरेको भए पनि त्यो स्वीकार्य हुन नसकेको उनको भनाई छ । त्यसैले 'चित्रा'लाई फरक शैलीमा बनाएको उनी बताउँछन् । 'स्लो शैलीको फिल्म बनाउने निर्देशकको रुपमा मेरो छाप बनेकोले त्योभन्दा फरक शैली अपनाएर 'चित्रा' बनाएको हुँ । तर, फरक शैली भन्दैमा 'कन्टेन्ट'मा फिल्म बनाउन कहिल्यै छाड्दिनँ,' निर्देशक लामिछाने सुनिए ।

यसअघिका फिल्ममा सामाजिक कथा भनेका घनश्यामले 'चित्रा'लाई भने एक्सन शैलीमा ढालेका छन् । कथा भन्ने शैलीमा विविधता पस्किन फरक जनरामा काम गरेको उनको कथन छ । उनी भन्छन्, 'नेपालमा यो निर्देशनले यस्तो कथा मात्र राम्रो भन्छ भन्ने भाष्य छ । ममा जुन किसिमको कथा भन्ने शैली छ, त्यो व्यक्त गर्ने मैले अझै 'प्लेटफर्म' पाएको छैन । त्यो विविधता 'चित्रा'मा देखिनेछ ।'

उनी 'चित्रा'लाई नेपाली समाजको कथा भन्न रुचाउँछन् । परिवार, बाबु-छोरी, दाजु-भाई र साथी-भाईको कथा रहेकाले फिल्म पूर्ण पारिवारिक रहेको उनको दाबी छ । फिल्मबाट आफूले बाबु-आमा सन्तानका लागि भगवान् हुन्छन् भन्ने सन्देश दिन खोजेको पनि उनले बताए । फिल्ममा 'फेमिली', 'फ्रेन्डसिप' र 'डिफेन्सिस फादर' गरी तीन लियरमा कथा भनिएको घनश्यामले प्रष्ट पारेका छन् ।

# संस्थापकलाई छल्न खोजेको भन्दै राष्ट्रबैंकले रोक्यो हिमालयन बैंकको सेयर बेच्ने हबिबको प्रयास

काठमाडौं/हिमालयन बैंकको रहेको सेयर बेचेर बाहिरिने पाकिस्तानको हबिब बैंकको प्रयासलाई प्रक्रिया पूरा नगरेको भन्दै राष्ट्र बैंकले रोकिदिएको छ ।

हबिबले हिमालयन रि इन्स्योरेन्सलाई सेयर विक्री गर्न बाहिरिन चाहेको भन्दै स्वीकृतिका लागि हिमालयन बैंकले १४ मंसिरमा राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा निवेदन दर्ता भएको थियो ।

हिमालयनमा रहेको २ करोड ८० लाख १२ हजार ४४७ कित्ता सेयर हबिबले हिमालयन रिलाई बिक्री गर्ने सम्झौता गरी स्वीकृतिको लागि राष्ट्र बैंकमा पठाएको हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोकशमसेर राणाले जानकारी दिए ।

हबिब बैंक र हिमालयन रिइन्स्योरेन्सबीच बैंकको संस्थापक सेयर प्रतिकित्ता १ सय ३० रुपैयाँमा खरिद गर्ने गरी सेयर खरिद बिक्री सम्झौता भएको छ ।

हबिबको सेयर हिमालयन रिइन्स्योरेन्सले खरिद गर्ने विषयको अनुमति माग्दा प्रक्रिया पूरा नभएकोले कुनै प्रक्रिया अगाडि नबढेको दाबी राष्ट्र बैंकले गरेको छ । 'सेयर खरिदबिक्रीको लागि स्वीकृतिका लागि निवेदन आएको छ । तर, आवश्यक प्रक्रिया पूरा भएको छैन त्यसैले अगाडि बढेको छैन,' राष्ट्र बैंक स्रोतले भन्यो ।

संस्थापक सेयर बेच्दा पहिलो प्राथमिकता अन्य संस्थापकलाई दिनुपर्ने र उनीहरुले नकिनेको अवस्थामा मात्रै सञ्चालक समितिबाट निर्णय गरी बाहिर बेच्नुपर्नेमा त्यो प्रक्रिया हिमालयनले पूरा नगरेको राष्ट्र बैंक स्रोतले बतायो । 'सेयर खरिद-बिक्रीको लागि आएको कागजात नै पूरा छैन । पहिला पूरा प्रक्रिया पुऱ्याएर आउनुपऱ्यो, त्यसपछि अनुमति दिने नदिने र फिट एण्ड प्रोपर टेस्ट गराउने भन्नेतिर जान्छ,' स्रोतले भन्यो ।

२०७६ मा बैंकले संस्थापक सेयरधनीलाई सेयर खरिदको प्रस्ताव गरिसकेको थियो । त्यसबेला नै बैंकले संस्थापक सेयर धनीलाई सेयर खरिदको प्रस्ताव गर्दा कसैले पनि खरिदमा इच्छा व्यक्त गरेका थिएनन् । यसपटक पनि बैंकले संस्थापकहरुलाई संस्थापक सेयरधनीलाई सेयर खरिदको प्रस्तावसहित पत्र नै पठाएको बैंकको एक सञ्चालकले बताए ।

'सबै संस्थापक सेयर धनीलाई सेयर खरिदको लागि प्रस्ताव गरिएको थियो । जसमा केही संस्थापकको जवाफ आयो भने केहीको जवाफ नै आएन,' बैंक सञ्चालक समिति स्रोतले भन्यो, 'कर्मचारी सञ्चय कोषले भने सञ्चालक समितिमो विधाराधीन रहेको भन्दै जवाफ पठाएको थियो । तर, लामो समयसम्म उसले त्यस विषयमा थप जानकारी नगराएकाले स्वीकृतिका लागि राष्ट्रबैंक पठाएका हौं ।'

विद्यमान संस्थापकहरुले सेयर खरिदका लागि रुची नदेखाएपछि बैंकको सञ्चालक समितिले निर्णय गरेर हिमालयन बैंकले राष्ट्र बैंकमा पठाएको हो । हबिब बैंकले सबै सेयर एकमुष्ट रुपमा बिक्री गर्ने भनेकाले सोही अनुसारको प्रस्ताव संस्थापक सेयर धनीबाट नआएपछि हिमालयन रि इन्स्योरेन्सले सेयर खरिद गर्ने प्रस्ताव राष्ट्र बैंकमा स्वीकृतिको लागि पठाएको ती सञ्चालक बताउँछन् ।

प्रक्रियागत कमजोरीको नाममा हिमालयन रिलाई सेयर खरिद गर्न नदिने रणनीतिअनुरुप राष्ट्र बैंकले फाइल रोकर राखेको स्रोतको दाबी छ । 'स्वार्थ बाझिने भनेको पनि सुनिन्छ । हिमालयन रि इन्स्योरेनसले सेयर खरिद गर्दा स्वार्थ बाझिने भन्ने देखिँदैन,' स्रोत भन्छ, 'राष्ट्रबैंकका गभर्नरले सार्वजनिक रुपमा नै यो सेयर खरिद गर्न दिन्न भन्नुभएको छ । यसमा स्वार्थको द्वन्द्व हुने उहाँ बताउनुहुन्छ । तर, बीमा कम्पनीले बैंकको सेयर किन्दा कसरी स्वार्थको द्वन्द्व हुन्छ, त्यो उहाँले भन्नुभएको छैन ।'

संघीय संसदको प्रतिनिधि सभा अन्तर्गतको अर्थ समितिको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद स्वर्णिम वाग्लेले सो सेयर किनबेचमा स्वार्थ बाझिने कारोबार हो कि होइन भन्दै प्रश्न गरेको थिए । सो प्रश्नमा गभर्नर महाप्रसाद अधिकारीले बैंकर र व्यवसायी छुट्याउने रणनीतिमा राष्ट्र बैंक रहेको भन्दै व्यवसायिक घरानाको कन्ट्रोल हुनेगरी बैंकको संस्थापक सेयर किन्न नदिने समेत बताएका थिए ।

हिमालयन बैंकले यसअघि २०७६ मै संस्थापकहरुलाई सेयर खरिदका लागि आह्वान गरेकोमा त्यसबेला कसैले रुची नदेखाएपछि बेलायतको कमनवेल्थ डेभलपमेन्ट कर्पोरेसन ग्रुप (सीडीसी)लाई सेयर बेच्ने सम्झौता गरेको थियो । बैंकले सीडीसीसँग सेयर खरिदबिक्री गर्ने निर्णयमा पुगिसकेपछि पनि तत्कालीन बैंक अध्यक्ष मनोजबहादुर श्रेष्ठकै अवरोधका कारण त्यो सफल हुन सकेको थिएन ।

प्रतिकित्ता २८० रुपैयाँ मूल्यांकन भएको सेयर खरिद गर्न संस्थापकहरु तयार भएनन् । त्यसपछि सीडीसीको प्रवेश करिब निश्चित भएको थियो । राष्ट्र बैंक पनि त्यसमा सकारात्मक हुँदा हुँदै पनि बैंकका तत्कालीन बैंकका अध्यक्ष मनोजबहादुर श्रेष्ठले सीडीसीलाई सेयर खरिद गर्ने प्रक्रियामा अवरोध गरेको बैंक स्रोतले बतायो ।

त्यति बेलादेखि नै हबिबले निरन्तर सेयर विक्री गर्ने प्रयास गरेको भए पनि सफल भएको छैन । हबिबले ४ वर्षअगाडिको भन्दा अहिले घटेर सेयर बेच्न लागेको हो । तर, राष्ट्र बैंकमा स्वीकृतिको लागि पठाएको फाइलमा सेयर बिक्रीको प्रक्रिया पूरा नभएको भन्दै बैंक तथा वित्तीय संस्था नियमन विभागले त्यसमा प्रक्रिया नै अगाडि बढाएको छैन ।

*(स्रोत: अनलाइनखबर)*

राष्ट्रियसभा निर्वाचन :

# टीआरसीमा अड्कियो सत्ता गठबन्धन-एमाले सहमति प्रयास

काठमाडौं/राष्ट्रियसभा निर्वाचनमा सत्ता गठबन्धन र नेकपा एमालेबीच सहमतिको सम्भावना तत्काललाई टरेको छ । संक्रमणकालीन न्यायसम्बन्धी विधेयक तत्काल पास गर्नुपर्ने सत्ता गठबन्धनको प्रस्तावमा एमाले नेतृत्व तयार नभएपछि राष्ट्रियसभामा सहमतिको सम्भावना टरेको नेताहरुले बताएका छन् ।

राष्ट्रियसभा निर्वाचनमा सहमतिको प्रयासमा प्रमुख तीन दलबीच पछिल्लो केही दिनयता सघन छलफल भएको थियो । नेपाली कांग्रेस र माओवादी केन्द्रका शीर्ष नेतहरुले सत्ता साझेदार दलहरुसँग समेत परामर्श गरेका थिए ।

स्रोतका अनुसार कांग्रेस र माओवादीका शीर्ष नेताहरु एमालेलाई ३ सिट दिन तयार भएका थिए । एमाले अध्यक्ष केपी शर्मा ओलीले भने ६ सिट मागेको गठबन्धनका नेताहरुले बताएका छन् । त्यसमा पनि छलफल गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवा सकारात्मक थिए । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक (टीआरसी विधेयक) अगाडि बढाउन एमालेसँग मिलेर जानुपर्ने दुबै नेताको जोड थियो ।

गठबन्धनका नेताहरुले टीआरसीलाई देखाएर एमालेले भाग मात्र लिएको हो कि भन्दै प्रश्न गरे । गत भदौमा टीआरसी विधेयक अगाडि बढाउने भनेर एमाले संसदीय समितिको भागवण्डामा ३ वटा समिति सभापति लिएको थियो । अब राष्ट्रियसभामा सिट लिएपछि पनि विधेयक अगाडि नबढाउने आशंका गरे ।

त्यसपछि शीर्ष नेताहरुले राष्ट्रियसभाको उम्मेदवारी दर्ता (२३ पुस) अगाडि नै कानुन न्याय तथा मानवअधिकार समितिमा विचाराधीन टीआरसी विधेयक पास गर्न प्रस्ताव राखे । समितिको पूर्व निर्धारित बैठक पनि शुक्रबार ११ बजे थियो । विविध शीर्षकमा छलफल गरेर विधेयक अगाडि बढाउन सकिनेर भनेर सत्तारुढ दलका नेताहरुले गृहकार्य समेत गरेका थिए ।

तर एमाले अध्यक्ष ओली सहमत भएनन् । टीआरसी पास गर्नुपर्ने सर्त नमान्ने बताएपछि छलफल अगाडि बढ्न नसकेको सत्ता गठबन्धनका एक नेताले सुनाए ।

शुक्रबार बसेको कानुन समितिको बैठकमा टीआरसी विधेयक पनि अघि बढेन ।

एमालेले पनि राष्ट्रिय सभाको १९ वटै सिटमा उम्मेदवारी दिने निर्णय गरेको छ । पार्टी कार्यालय, च्यासलमा बसेको केन्द्रीय सचिवालय बैठकमा तल्लो कमिटीहरुबाट आएको नामबारे छलफल भएको छ । महासचिव शंकर पोखरेलले भने, '२३ गते हामी १९ वटै ठाउँमा उम्मेदवारी दर्ताको तयारी गरेका छौं ।'

सचिवालय बैठकमा अध्यक्ष ओलीले सत्ता गठबन्धनका नेताहरुसँग छलफल भएपनि टीआर सी विधेयकमा लेनदेन नगर्ने बताएका छन् । 'टीआरसीमा लेनदेन गर्दैनौं । हाम्रो जे अडानमा छ, त्यो यथावत रहन्छ भनेर अध्यक्षले भन्नुभएको छ', एमालेका एक पदाधिकारीले भने । मानवअधिकारको गम्भीर उल्लंघनका घटनामा आममाफी नहुने, सर्वोच्च अदालतको आदेशअनुसार विधेयक संशोधन गर्नुपर्ने र पीडितको सहमति विना माफी नहुने एमालेको अडान छ ।

एमाले नेताहरुसँग भएको सम्वादमा संलग्न कांग्रेसका एक नेताले पनि राष्ट्रिय सभाको सिट बाँडफाँटमा सहमतिको सम्भावना टर्दै गएको बताएका छन् । व्यवस्थामाथि प्रश्न उठिरहेका बेला ओली संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा दृढतापूर्वक उभिएकाले एमालेलाई स्पेश दिएर जान चाहेको भन्दै उनले भने, 'तर अहिले सहमतिको सम्भावना टर्दै गएको छ ।'

*(स्रोत: अनलाइनखबर)*

# छोरीलाई हिरोइन बनाउन पिताले बनाएको 'पर्खि बसें तिमीलाई'

काठमाडौं/भनिन्छ, 'सन्तानको इच्छा पूरा गर्न बाबु-आमाले हरसम्भव प्रयास गर्छन् ।' नेपाली फिल्म क्षेत्रमै यस्ता धेरै उदाहरण छन् । परिवारले ऋणधन गरेरै भए पनि सन्तानको हिरो वा हिरोइन बन्ने इच्छा पूरा गर्न फिल्म बनाएका छन् । जसलाई फिल्म क्षेत्रमा 'नातावाद'को संज्ञा दिने गरिन्छ । रिलिजको दैलोमा रहेको 'पर्खि बसें तिमीलाई' पनि छोरीलाई हिरोइन बनाउन पिताले लगानी गरेको फिल्म हो ।



दीपक श्रेष्ठको निर्देशनमा तयार भएको फिल्ममा किरण श्रेष्ठ र रक्षा बुढाथोकीले मुख्य भूमिकामा काम गरेका छन् । रक्षाका पिता राजाराम बुढाथोकी फिल्मका निर्माता हुन् । यसले के देखाउँछ भने राजारामको फिल्ममा सिर्फ छोरीका लागि लगानी भएको हो । त्यसैले उनलाई यो फिल्म छोरीका लागि भए पनि सफल हुन जरुरी छ । र, रक्षाले पनि अभिनयमा आफूलाई प्रमाणित गर्नुपर्नेछ ।

यतिबेला निर्माण टिमले रक्षालाई नव-अभिनेत्री भनेर भजाइ रहेको देखिन्छ । तर, उनी नव-अभिनेत्री भने होइनन् । उनले यसअघि फिल्म 'लाखे'मा सहायक अभिनेत्रीको रुपमा काम गरिसकेकी छन् । यद्यपि, यो फिल्मले उनलाई चर्चामा ल्याउन सकेन । नयाँ कलाकारको रुपमा चिनाउँदा धेरैको चासो रहने भएकाले पनि उनलाई 'पर्खि बसें तिमीलाई'मा त्यसरी प्रस्तुत गरिएको हुनसक्छ ।

छोरीका लागि निर्माता बुढाथोकीले म्यूजिक भिडियो र सर्ट फिल्ममा समेत लगानी गरेका छन् । रक्षाले पल शाहसँग खेलेको 'डोली जन्ती' म्यूजिक भिडियोमा उनले लगानीसँगै अभिनय पनि गरेका छन् । यस्तै, पुष्प खड्कासँग रक्षाले काम गरेको 'आकाशको जुन' गीतमा पनि उनको लगानी छ । रक्षाले खेलेका एउटा तीज गीत र 'रक्षाको भाईटीका' सर्ट फिल्ममा पनि राजाराम नै निर्माता छन् ।

सन्तानका लागि परिवारले फिल्ममा लगानी गर्नु गलत भने होइन । त्यसबाट राम्रो कलाकार जन्मिँदा फिल्म क्षेत्रलाई नै फाइदा पुग्छ । तर, फिल्ममा टिकिरहन परिवारले लगानी गरेकै भरमा सम्भव हुँदैन । त्यसका लागि अभिनय क्षमता अनिवार्य सर्त हो । यसपटक रक्षालाई घरकै फिल्मबाट यो प्रमाणित गर्नुपर्ने चुनौती छ । एक हिसाबले उनका लागि 'पर्खि बसें तिमीलाई' करिअरको परीक्षा हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# चित्लाङ स्वास्थ्यचौकी भवन निर्माणको समीक्षा

साझाकुरा संवाददाता



हेटौंडा, २० पुस/थाहा नगरपालिका र च्वाईस नेपालको संयुक्त लगानीमा थाहा नगरपालिका-९ मा निर्माणाधीन चित्लाङ स्वास्थ्यचौकी भवनको प्रगति विवरण तथा समीक्षा बैठक बिहिबार सम्पन्न भएको छ ।

बैठकमा थाहा नगर पालिकाका प्रमुख बिष्णुबहादुर बिष्टले स्वास्थ्यचौकी भवन गुणस्तरी रुपमा समयमै निर्माण कार्य सम्पन्न हुनेमा बिश्वस्त रहेको बताए । उनले स्वास्थ्यचौकीको दिगो संचालन गर्नको लागि निर्माण भइरहेको भवन प्रभावकारी हुने बताए । साथै च्वाइस नेपालका कार्यकारी निर्देशक प्रतीक शर्माले भवन निर्माण सम्पन्न भएपश्चात् स्वास्थ्यचौकीबाट प्रदान गरिने सेवा र सुबिधा गुणस्तरीय बनाउन नगरबाट थप योजना बनाउन आग्रह गरे ।

उनले स्वास्थ्यचौकीबाट बिषेशज्ञ सहितको सेवा प्रदान गर्न सक्ने योजना भएमा च्वाइस नेपालको तर्फबाट आवश्यक औजार तथा उपकरण सहयोग गर्न सकिने बताए । बैठकमा कार्यसमीक्षा प्रस्तुतिकरण गर्दै च्वाइस नेपाल पालुङ टिम लिडर प्रताप घिमिरेले स्वास्थ्यचौकी भवनको निर्माणमा करिब ६५ प्रतिशत भौतिक प्रगति भएको बताए । च्वाइस जिल्ला संयोजक सुकराम दुलालले सहजीकरण गरेको बैठकमा कार्यप्रगति बिवरणको प्रस्तुतीकरण च्वाइस नेपाल इन्जिनियर प्रकाश श्रेष्ठले गरेका थिए ।

थाहा नगरपालिका वडा नंम्बर ९ का अध्यक्ष राजकुमार बलामीको अध्यक्षतामा भएको समीक्षा बैठकमा थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, स्वास्थ्यचौकी निर्माण समितिका अध्यक्ष राजिव नापितलगायत स्थानीय बुद्धिजीवी, समाजसेवी, स्थानीयबासिन्दाको उपस्थिति रहेको थियो । कूल २ करोड ९ हजार ४७० रुपैयाँ लागतमा निर्माण हुने स्वास्थ्यचौकी भवनको लागि च्वाइस नेपालको १ करोड ५० लाखका साथै बाँकी रकम थाहा नगरपालिका र स्थानीय जनश्रमदानबाट लगानी हुनेछ ।

# फाखेलमा स्वास्थ्य, शिक्षा तथा अकुपञ्चर सेवा शिविर

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ इन्द्रसरोवर गाउँपालिका-४ फाखेल स्थित सक्रिय महिला बचत तथा ऋण सहकारी संस्थाले पाँच दिने स्वास्थ्यशिक्षा तथा अकुपञ्चर सेवा शिविर गरेको छ ।

संस्थाको आयोजनामा भएको कार्यक्रम पुस १५ गते सुरु भएको र १९ गते विहीबारसम्म सञ्चालन गरिएको थियो । पाँच दिनमा एक सय ७१ जनाले थेरापी उपचार सेवा लिएका थिए भने तीन सय ७९ जनाले शिविरमा सहभागिता जनाएको संस्थाका व्यवस्थापक सविना लामाले बताइन् । सहकारी संस्थाले सगुन सामाजिक अनुसन्धान तथा विकास केन्द्र ललितपुरको सहकार्यमा शिविर आयोजना गरेको संस्थाका अध्यक्ष श्रमिक लामाले बताइन् । सहकारीको कार्यालय परिसरमा गरिएको शिविरमा पाटीसिपेड नामक संस्थाको प्राविधिक सहयोग रहेको थियो ।

प्राकृतिक चिकित्सा पद्दति अपनाऔं, स्वस्थ्य बनौं, रोगको रोकथामका लागि सहकार्य गरौं भनेर शेयर सदस्य र स्थानीयबासी लक्षित कार्यक्रम आयोजना गरिएको अध्यक्ष लामाले बताइन् । अकुपञ्चर विधिबाट उपचार तथा विभिन्न प्राणघातक रोगका कारण, त्यसको निराकरणको लागि भान्सासुधार शिक्षा समेत शिविरमा जानकारी गराइएको अध्यक्ष लामाले बताइन् । शिविरमा डा. दीपक वाग्ले, डा. कमल फुयाँल, महन्तबाबु महर्जन, पुण्यश्वरी सुवाल स्वास्थ्यकर्मी सीता बखेलको टोलीले पाँच दिन सेवाप्रवाह गरेका थिए ।

# मानवअधिकारका बिषयमा सरोकारवालासँगको छलफल

हेटौंडा, २० पुस/ मानवअधिकार संरक्षण सवर्द्धनमा सरोकारवालासँगको समन्वय र सहकार्य बिषयक छलफल भएको छ । शुक्रबार मकवानपुरमा रहेका विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा भएको कार्यक्रममा मानवअधिकारका बिषयमा जोडिएका बिषयहरुमा छलफल भएको हो ।

मानवअधिकार आयोगकी प्रमुख सहसचिव सर्मिला शर्माको अध्यक्षतामा भएको कार्यक्रममा विभिन्न संघसंस्थाले मानवअधिकारका घटनाको बारेमा जानकारी गराएका थिए । मानवअधिकार उल्लघंनका घटना न्यूनीकरणका लागि संघ संस्थाले गरेका पहल तथा नियन्त्रण हुन नसकेका प्रतिनिधि घटनाको बारेमा जानकारी गराएका हुन् ।

जिल्लामा रहेका बालबालिकासम्बन्धी घटना, लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका घटना, अपाङ्गता भएकाहरुको समस्या तथा घरेलुहिंसाका घटनाले समाजमा पारेका प्रभावका बारेमा जानकारी गराइएको थियो । कार्यक्रमको आयोगको प्रमुख सहसचिव शर्माले मानवअधिकार उल्लंघनका घटनामा कमी आएको बताइन् । उनले मानवअधिकारसँग सम्बन्धित संघसंस्थाको पहलकदमीले गर्दा यस्ता घटनामा कमी आएको बताउँदै यसलाई अझ तीव्रता दिन आवश्यक रहेको बताइन् ।

आयोग बागमती प्रदेशकी निमित्त प्रमुख रेवा रेग्मीले मानव अधिकार उल्लंघनका घटना भएको पाइएमा आयोगको कार्यालयमा जानकारी गराउन अनुरोध गरिन् ।

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि**
हेटौंडा ७ मकवानपुर

**वार्षिक साधारणसभा सम्बन्धी सूचना**

यस संस्थाको मिति २०८० मङसिर १२ गते बसेको बैठकको निर्णय अनुसार यस संस्थाको २४ औं साधारणसभा देहायमा उल्लेखित प्रस्ताबहरुमा छलफल गरी निर्णय गर्नका लागी निम्न मिति समय र स्थानमा बस्ने गरि तय गरिएको हुदा यहाँहरुको अनिवार्य उपस्थितिको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

**प्रस्तावहरू**
१ अध्यक्षज्युको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
२) आर्थिक वर्ष २०८० २०८१ को वार्षिक योजना तथा बजेट सम्बन्धमा ।
३) आर्थिक वर्ष २०७९/२०८० को लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४) लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
६) आर्थिक वर्ष २०८०/२०८१ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
७) विनियममा थप ब्यबस्था तथा शंसोधन सम्बन्धमा ।
८) विभिन्न नीति तथा कार्यविधिहरु पारित सम्बन्धमा ।
९) निर्णय पुस्तिका प्रमाणित सम्बन्धमा ।
१०) बिबिध ।

**निम्न**
**मिति :** २०८० पौष २१ गते शनिवार
**स्थान :** श्री नवज्योती मा.वि.को प्राङगण हेटौंडा, ७ नागस्वती
**समय :** बिहान १०:०० देखि

- *सम्वन्धित शेयर सदस्य अनिवार्य परिचय पत्र सहित स्वयम् उपस्थित हुनुपर्नेछ ।*
- *साधारणसभामा सहभागी हुने शेयर सदस्यको बैठक भत्ता वापतको रकम रु १००० मा कर कट्टि गरि सम्बन्धित सदस्यको खातामा जम्मा गरिने छ ।*
- *६ महिना सम्म नियमित बचत तथा कारोवार नगर्ने सदस्यहरुलाई बैठक भत्ता वापतको रकम उपलब्ध हुने छैन ।*
- *शैक्षिक सत्र २०७९ को एसईई, प्रविणता प्रमाणपत्र तह, स्नातक र स्नातकोत्तरमा ३.६५ जि.पि. ए वा सो भन्दा माथि ल्याउने विद्यार्थीहरुलाई प्रशंशा पत्र सहित पुरस्कृत गरिने हुदा मार्कसिटको प्रतिलिपी सहित २०८० पौष १५ गतेभित्र संस्थामा उपलब्ध गराई दिनहन अनरोध गरिन्छ ।*

**युवराज गौतम**
सचिव

# १३ मेट्रिकटन रैथाने बाली संकलन

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा रहेका कृषकबाट यो वर्ष उत्पादित झण्डै १३ मेट्रिकटन रैथाने बाली सहकारी संस्थामार्फत खरिद/बिक्री गरिएको छ ।

रैथाने बाली कोदो, फापर र जुनेलो उत्पादनमा गाउँपालिकाले अनुदान दिन थालेपछि उत्पादनसमेत वृद्धि भएको छ । मकवानपुरगढी गाउँपालिका-४ कालीखोला क्षेत्रमा उत्पादित करिब सात मेट्रिकटन कोदो संकलन गरी बिक्री भइरहेको गाउँपालिका कार्यालयले जनाएको छ । स्थानीय सहकारी संस्थाले कालीखोला ब्राण्डमा कोदोको पिठो उच्पादन गरी बजारमा बिक्री गर्दै आएको छ ।

यस्तै मकवानपुगढी गाउँपालिका-८ बुढीचौरमा पाँच मेट्रिकटनभन्दा बढी फापर संकलन गरिएको छ । यसक्षेत्रमा मिठे फापर र तिते फापर उत्पादन हुँदै आएको छ । मकवानपुरगढी गाउँपालिका-१ रानीसेरा र आसपासका क्षेत्रमा उत्पादित जुनेलो आठ सय केजी संकलन भएको गाउँपालिकाका कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिए । घट्टमा पिसेको कालीखोला कोदो पिठो, बुढीचौरमा उत्पादित फापरको पिठो र रानीसेरामा उत्पादित जुनेलो अपाङ्ग तथा विपन्न सहकारी संस्थाबाट बिक्री हुँदै आएको छ ।

# बसामाडी जेसीसको वार्षिकसभा

हेटौंडा, २० पुस/ बसामाडी जेसीजको २४ औं वार्षिक साधारणसभा शुक्रबार हेटौंडामा भएको छ । जेसीज वर्ष २०२३ का अध्यक्ष जनक शर्मा भण्डारीको सभाध्यक्षता तथा पूर्वजेसीज अध्यक्ष अशोक शाक्यको प्रमुख आतिथ्यतामा सभा भएको हो ।

जेसीजका महासचिव सुरज डंगोलद्वारा सञ्चालित सभामा जेसीजका पूर्वअध्यक्ष बविन लिगल, अभय श्रेष्ठ, गौतम केसी, वडा १० का सदस्य ईश्वरप्रसाद मैनाली, निवर्तमान अध्यक्ष चिराग अग्रवाल लगायतको आतिथ्यता रहेको थियो ।

**मकवानपुर उद्योग वाणिज्य संघको**

**वार्षिक सभा सम्बन्धी सूचना**

यस संघको ५७ औं वार्षिक साधारण सभा यहि मिति २०८० पौष २१ गते शनिबार बिहान ८ बजेबाट पल्पसा सदन, हेटौंडा-२ मा आयोजना हुने भएकाले संघका सदस्यहरुको उपस्थितिको लागि सादर निमन्त्रणा गर्दछौं ।

**मकवानपुर उद्योग वाणिज्य संघ**
हेटौंडा, मकवानपुर

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं.
- दम, फदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं,
- जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जसपाको संस्थापन पक्ष माओवादी मकवानपुरमा समाहित

साझाकुरा संवाददाता



हेटौंडा, २० पुस/नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मकवानपुरमा सत्तारुढा दल जनता समाजवादी पार्टी मकवानपुरको संस्थापन पक्ष समायोजित भएको छ ।

शुक्रबार हेटौंडामा माओवादी केन्द्रले समायोजन कार्यक्रम आयोजना गर्दै जनता समाजवादी पार्टीको संस्थापन पक्षका एक सय २९ जना नेता तथा कार्यकर्तालाई पार्टीमा समाहित गरेको हो । जनता समाजवादी पार्टी बागमती प्रदेशका पूर्वपरिषद अध्यक्ष एवम् अनुशासन समिति संयोजक शुभरत्न गोले तामाङको नेतृत्वमा एकसय २९ जना नेता, कार्यकर्तालाई नेकपा माओवादी केन्द्रका नेताहरुले टीका र खादा लगाएर स्वागत गरेका हुन् ।

कार्यक्रमकी प्रमुख अतिथि तथा नेकपा माओवादी केन्द्रकी केन्द्रीय सदस्य, प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले रगतसँग साटेर ल्याएको गणतन्त्र जोगाउन एकजुट हुनुको विकल्प नभएको बताइन् । 'गणतन्त्र जोगाउने र संस्थागत गर्ने मुख्य जिम्मेवारी माओवादीको हो ।', उनले भनिन्, 'गणतन्त्रविरुद्ध आवाज उठ्दा जनताको मन दु:खेको छ, सबै शक्ति एकजुट भएर गणतन्त्र जोगाउनुपर्ने बेला आएको छ ।', प्रदेशको आवश्यक्ता बागमती प्रदेश सरकारले मुख्य रुपमा पुष्टि गरेको भन्दै उनले तामाङ र नेवारको भाषालाई प्रदेशको भाषाको रुपमा राखेर नयाँ आयाम थपेको दाबी गरिन् ।

पद भन्दा पनि जिम्मेवारी महत्वपूर्ण रहेको जिकिर गर्दै उनले संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास एकढिक्का भएर गर्नुपर्नेमा जोड दिइन् । विचारको हिसावले सबैभन्दा अग्रगामी विचार र कार्यदिशा भएको पार्टी माओवादी भएकाले देशमै एक नम्बरको जिल्ला कमिटी बनाउनुपर्नेमा जोड दिइन् । हामीले यही देशमा उज्वलभविष्य देख्नुपर्ने भन्दै उनले जिल्लामा एक नम्बरको पार्टी निर्माणमा लाग्न नेता, कार्यकर्तालाई आग्रह गरिन् । कार्यक्रमका विशेष अतिथि तथा नेकपा माओवादी केन्द्रका बागमती प्रदेश उपाध्यक्ष, बागमती प्रदेश सांसद प्रेमबहादुर पुलामीले समाजवाद हुँदै साम्यवाद ल्याउन सबै राष्ट्रबादी एकजुट हुन मकवानपुरबाट राम्रो सन्देश गएको बताए ।

परिवर्तनको सुरुवात सानो झिल्कोबाट हुने भन्दै उनले मकवानपुरले देशभर सकारात्मक र एकजुट हुन पहल गरेको दाबी गरे । जनता समाजवादी पार्टी बागमती प्रदेशका पूर्वपरिषद अध्यक्ष एवम् अनुशासन समिति संयोजक शुभरत्न गोले तामाङले समाजवादको अन्तिम यात्रा तय गर्न माओवादी केन्द्र मात्र विकल्प रहेकाले आफूहरु मातृसंस्था माओवादी केन्द्रमा गोलबन्द भएको बताए ।

उत्पीडित जाति, वर्गको उत्थानका लागि जसपामा लागेर काम गरेको स्मरण गर्दै विदेशी दलालहरुले नेकपा माओवादी केन्द्रलाई घेराबन्दीमा पारिरहेकाले सिद्धान्त र गन्तव्य एउटै भएकाले समायोजन भएको दाबी गरे । नेकपा माओवादी केन्द्र बागमती प्रदेश सचिवालय सदस्य एवम् जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, पार्टीका बागमती प्रदेश सदस्य प्रेम भुजेलले मन्तव्य व्यक्त गरेको कार्यक्रम नेकपा माओवादी केन्द्र मकवानपुरका संयोजक सर्केश घलानको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# मकवानपुरगढी जेसीज अध्यक्षमा पुडासैनी

साझाकुरा संवाददाता

हेटौंडा, २० पुस/ मकवानपुरगढी जेसीज वर्ष २०२४ को अध्यक्षमा विजय पुडासैनी सर्वसम्मत चयन भएका छन् । शुक्रबार मकवानपुरगढी जेसीजको प्रथम साधारणसभाबाट पुडासैनी सर्वसम्मत चुनिएका हुन् ।

त्यस्तै कार्यकारिणी उपाध्यक्षमा सुनिल सुवेदी र सुनिल बहादुर पाखिन चुनिएका छन् । उपाध्यक्षमा रोहित पुडासैनी, प्रवेश सापकोटा, भरतमोहन देवकोटा र मनोज देवकोटा चयन भएका छन् ।

कूल १५ जनाको कार्यसमितिमा बाँकी ८ जना अध्यक्षले मनोनित गर्ने प्रावधान रहेको निर्वाचन आयुक्त अन्जनी पराजुलीले जानकारी दिए । कार्यक्रममा नेपाल जेसीजका महासचिव सरोज अधिकारी, मकवानपुरगढी जेसीजका संस्थापक अध्यक्ष पुष्पराज पुडासैनीलगायतको उपस्थिति रहेको थियो ।

नवनिर्वाचित अध्यक्ष पुडासैनीले शिक्षा, स्वास्थ्य एवम् अटोमोबाइलको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् । उनले समाजमा मिलनसार, सहयोगी एवम् समाजसेवीको रुपमा आफ्नो छवि स्थापित गराएका छन् । नवनिर्वाचित अध्यक्ष पुडासैनीले जेसीजलाई समुदायसँग जोडेर जनहितका कामलाई प्राथमिकताका साथ अघि बढाउने प्रतिवद्धता व्यक्त गरेका छन् ।

**हेटौंडामै उत्पादित**

**सुदिन ड्राइमिट**






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना